
**न्याय, समानता र पर्यावरणीय अधिकारको सुनिश्चितता : सामाजिक रुपान्तरण सहितको दिगो विकासमा निश्चितता**

**लुम्बिनी प्रदेश स्तरीय महिला मञ्च २०८० "सामाजिक रुपान्तरणका लागि महिला नेतृत्व"**

**२०८० बैशाख २४ र २५ गते**

# प्रतिवेदन



## १. पृष्ठभूमि

महिलावादी मञ्च महिलाको जीवनलाई प्रभाव पार्ने मुद्धाहरुमा महिलावादी दृष्टिकोणबाट छलफल र विश्लेषण गर्ने एउटा स्थल हो । जसले महिलाका मुद्धाहरुलाई राजनीतिक मुद्धाको रुपमा स्थापित गर्न, महिला आन्दोलनलाई संगठित गर्न तथा नीतिगत पैरवीको लागि आधार तयार गर्दछ । यसै सन्दर्भमा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको नेतृत्व तथा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुसँगको सहकार्यमा प्रथम स्थानीय तहको निर्वाचन पश्चात ७ वटै प्रदेश अन्तर्गतका गाउँपालिका र नगरपालिकामा निर्वाचित भएका महिला जन-प्रतिनिधिहरूलाई महिलावादी दृष्टिकोण र त्यसको महत्वको बारेमा धारणागत स्पष्टताद्वारा साझा धारणा निर्माण गर्ने उद्देश्य सहित महिलावादी मञ्च सम्पन्न भएको थियो । यो प्रक्रियाले देशभरी नै हजारौं महिलाहरुलाई आफ्नो नेतृत्व विकास र सशक्तिकरणका लागि सहयोगी वातावरण सृजना भएको थियो । जसको फलस्वरुप भर्खरै (२०७९ साल) सम्पन्न स्थानीय तहको निर्वाचनमा तुलनाात्मक हिसाबले महिलाको नेतृत्वदायी पदमा वृद्धि भएको छ र महिलाहरुले आफ्नो सहभागिता र नेतृत्वको लागि परिवार, समाज, राज्य र आफ्नो दलभित्र दाबी गर्न थालेका छन् । साथै, महिलाको सवालमा सदनदेखि सडकसम्म केही महिला जनप्रतिनिधिहरुको आवाज संगठित भएको थियो ।

यसै सर्न्दभमा महिला आन्दोलनलाई सुदृढ गर्दै महिलावादी दृष्टिकोणबाट समाजलाई विश्लेषण गर्ने, अन्तरपुस्ता रुपान्तरित नेतृत्वको सवाललाई महिला अधिकारको आन्दोलनमा मूलप्रवाहीकरण गर्न वातावरण तयार गर्ने तथा नव-निर्वाचित महिला जन-प्रतिनिधिहरूलाई महिलावादी दृष्टिकोण र त्यसको महत्वको बारेमा धारणागत स्पष्टता ल्याउँदै सहकार्यको वातावरण निर्माण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय तथा प्रदेश सञ्जाल, ओरेक लगायत लुम्बिनी प्रदेशमा रहेका ४० वटा भन्दा बढी क्रियाशिल संघ संस्था, समूह, सञ्जाल, सञ्चारकर्मी, नागरिक समाज, स्थानीय सरकारको सहयोग तथा सहकार्यमा **न्याय, समानता र पर्यावरणीय अधिकारको सुनिश्चितता : सामाजिक रुपान्तरण सहितको दिगो विकासमा निश्चितता** भन्ने मूल नारा तथा **सामाजिक रुपान्तरणमा महिला नेतृत्व** भन्ने सवालमा केन्द्रित भई मिती २०८० बैशाख २४ र २५ गते लुम्बिनी प्रदेशको रुपन्देहीमा प्रदेश स्तरीय महिला मञ्चको आयोजना गरिएको छ । कार्यक्रममा स्थानीय तहमा रहेर काम गर्दै आएका जनप्रतिनिधिहरु र सामाजिक रुपान्तरणमा आस्था राख्ने सबै अधिकारकर्मीहरु एकै ठाउँमा बसेर सामाजिक न्यायमा आधारित समाज निर्माण गर्न प्रादेशिक स्तरबाट गर्नु पर्ने कामहरु, लिनु पर्ने व्यवहारिक बाटोहरु, सम्भावित अवसर तथा चुनौतीहरुका बारेमा छलफल गरि निचोड निकालिएको थियो ।

## २. उद्देश्य

- महिलावादी दृष्टिकोणबाट समाजलाई विश्लेषण गर्न र महिला तथा पछाडि पारिएका समुदायको विद्यमान सवाललाई सम्बोधन गर्न क्षमता अभिवृद्धिका लागि सहजीकरण ।

## निर्दिष्ट उद्देश्य

- अन्तरपुस्ता रुपान्तरित नेतृत्वको सवाललाई महिला अधिकारको आन्दोलनमा मूलप्रवाहीकरण गर्न वातावरण तयार गर्ने ।
- नव-निर्वाचित महिला जन-प्रतिनिधिहरूलाई महिलावादी दृष्टिकोण र त्यसको महत्वको बारेमा धारणागत स्पष्टता ल्याउँदै सहकार्यको वातावरण निर्माण गर्ने ।

## ३. प्रकृया

- **पूर्व तयारी बैठक**

लुम्बिनी प्रदेशका महिला मानव अधिकार रक्षक सञ्जाल लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था, सञ्चारकर्मीहरु तथा सरोकारालाहरुको उपस्थितीमा मिती २०८० बैशाख ४ गते महिला मञ्चको पूर्व तयारीका लागि भर्चुअल बैठकको आयोजना गरिएको थियो । बैठकमा अघिल्लो पटकको महिला मञ्च समिक्षा गरी प्रदेश स्तरीय सवालहरुको पहिचान गरिएको थियो । छलफलकै आधारमा संत्रमणकालिन न्याय, रुपान्तरित नेतृत्व, महिलाको शरीरमाथिको नियन्त्रण जस्ता सवालहरु पहिचान गरिएको थियो । सोही सवालमा केन्द्रित भई प्यानल छलफल गर्ने निर्णय समेत गरिएको थियो । कार्यक्रममा प्रदेश स्तरीय सवालमा केन्द्रित भएर "संक्रमण कालिन न्याय : चुनौतीहरु", " शरीर मेरो नियन्त्रण कसैको" "रुपान्तरित नेतृत्वका सवालहरु" लगायतका विषयहरु पहिचान गरी सोही सवालमा केन्द्रित भई प्यानल छलफल गरिएको थियो । साथै अहिलेसम्म यी क्षेत्रहरुमा भएका नियन्त्रणहरुले महिलालाई पारेको प्रभाव, उक्त प्रभावले समाज र देशलाई कसरी कति गहिराइसम्म असर परेका छन् भन्ने विषयमा भने प्रदेशको वस्तुस्थितिमा केन्द्रित हुँदै गहन छलफल गरिएको थियो ।

- **प्रदेश स्तरीय मूल आयोजक समितिको गठन**

पूर्व तयारीबैठकमा भएको छलफलको आधारमा प्रदेश स्तरीय आयोजक कमिटीमा बस्न इच्छुक संघ संस्थाहरुलाई गुगल फर्म निर्माण गरी सेयर गरिएको थियो । जसमा महिला मानव अधिकार रक्षकहरुको लुम्बिनी प्रदेश स्तरीय सञ्जाल, प्रदेश भित्रका सबै जिल्लाका जिल्ला स्तरीय महिला मानव अधिकार रक्षकहरुको सञ्जाल, केयर नेपाल, महिला पुनर्स्थापना केन्द्र (ओरेक) किशोरी अधिकार मन्च, कपिलवस्तु, किशोरी अधिकार मन्च, रुपन्देही, रेडियो मुक्ति, रेडियो लुम्बिनी, तिलोत्तमा टेलिभिजन, फेडो, स्वासा नेपाल, कदम नेपाल, सेतो गुराँस, सिदार्थ सामाजिक विकास केन्द्र कपिलवस्तु, सुनगाभा सामुदायिक विकास केन्द्र, शुभ अवसर ग्राम नेपाल, मधेश मानव अधिकार गृह माहुरी होम, दलित सामाजिक विकास केन्द्र कपिलवस्तु, इन्सेक, किर्डाक नेपाल, सिर्जनशिल संस्था नेपाल, सन्चारीका समुह नेपाल, साहासी कदम नेपाल, दलित मानव अधिकार निगरानी समिति, शान्तिनगर गाउँपालिका, राजपुर गाउँपालिका, दाङ्ग, हाम्रो पहिचान सन्जाल, नेपाल महिला एकता समाज, ए.बि.सि.नेपाल, कालिका स्वालम्वन सामाजिक केन्द, महिला तथा बाल अधिकार जिल्ला सन्जाल रुपन्देही, दांग जिल्लाका महिला एकता सामसदायीक संस्था, प्रगतिसील महिला सामुदायीक संस्था, जनचेतना महिला सामुदायीक संस्था, चेतनसील महिला सामुदायीक

संस्था, जागृति महिला सामुदायीक संस्था, महिला एकता सामुदायिक संस्था गरी ३८ वटा संघ संस्थाहरु लुम्बी प्रदेश स्तरीय मूल आयोजक समितीमा रहेका थिए ।

- **प्रदेश स्तरीय आयोजक समितीमा रहेका संघ संस्थाहरुसंग प्रत्यक्ष बैठक तथा कार्यविभाजन**

महिला मानव अधिकार रक्षकहरुको प्रदेश तथा जिल्ला सञ्जालको नेतृत्वमा प्रदेश स्तरीय आयोजक समितीमा रहेका संघ संस्थाहरुसंग मिती २०८० बैशाख १८ गते बैठक बसिएको कार्यविभाजन गरिएको थियो । जसमा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालले जिल्लाका सबै महिला मानव अधिकार रक्षकहरुलाई पत्राचार गर्ने र उनीहरु मार्फत जिल्लागत रुपमा स्थानीय तहका जनप्रतिनिधिहरुलाई पत्राचार, निरन्तर फलोअप, समन्वय तथा सहकार्य गर्ने, कार्यक्रममा सहभागिताका लागि आयोजक समितीमा रहेका संघ संस्थाहरुले लागि समन्व्य सहकार्य, कार्यक्रमको अघिल्लो दिन प्रेस मिट कार्यक्रम लगायत समग्र सञ्चार माध्यमहरुसंगको संलग्नताको लाीग सञ्चारिका समूह, रेडियो मुक्ति, रेडियो लुम्बिनी, रेडियो तिलोत्तमा र तिलोत्तमा टेलिभिजनल मिडिया पार्टनरको रुपमा रहने, समग्र कार्यक्रमको सहजीकरण, प्यानलिष्टहरुको छनौट आदिको विषयमा छलफल गरि कार्यविभाजन गरी सोही बमोजिम कार्य गरिएको थियो ।

## ४. कार्यक्रम विधि

प्रस्तुतीकरण, प्यानल छलफल, समूह छलफल, मन्तव्य, घोषणा पत्र जारी

## ४.१. लुम्बिनी प्रदशे स्तरीय महिला मञ्चको पहिलो दिन

### ४.१.१. उद्घाटन सत्र (बैशाख २४, २०८०)

महिला मञ्चको पहिलो दिनलाई उद्घाटन सत्र र प्यानल छलफल गरी २ वटा सत्रमा विभाजन गरिएको थियो । उद्घाटन सत्र भित्र शरीर मेरो नियन्त्रण कसैको ??? भन्ने सवालमा प्रस्तुतीकरण, निर्वाचित महिला जनप्रतिनिधि, महिला तथा सिमान्तकृत समुदायको अधिकारको क्षेत्रमा कार्यरत अधिकारकर्मी, युवा महिला मानव अधिकार रक्षकहरुलाई राखेर प्यानल छलफल, प्रमुख अतिथि, विशेष अतिथिहरुको शुभकामना मन्तब्य राखिएको थियो । पहिलो दिनको सहजीकरण लुम्बिनी टेलिभिजन प्रस्तोता अस्मिना पाण्डेले गर्नुभएको थियो । कार्यक्रमको शुरुवातमा महिला मानव अधिकार रक्षक जिल्ला सञ्जाल रुपन्देहीका अध्यक्ष हेमा न्यौपानेले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै उपस्थित सबै सहभागिहरुलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका पूर्व मुख्य मन्त्री लिला गिरीको प्रमुख आतिथ्यता तथा महिला मानब अधिकार रक्षक संजालका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीको अध्यक्षतामा भएको थियो ।

महिला मञ्च कार्यक्रमको उद्धाटन सत्रमा मन्तव्यको क्रममा बोल्दै विभिन्न वक्ताहरुले नेपालको संविधान, कानून र अन्तरष्ट्रिय कानूनमा महिला अधिकारका सवालमा उल्लेखीत विषयहरु कार्यान्वयन नहुँदा महिलाहरुले आफनो शारिर माथि स्वनिर्णयको अधिकारको बारेमा खुलेर बोल्न र आफनो ईच्छा अनुसारको निर्णय गर्ने अवस्था नरहेकोमा ध्यानाकर्षण गराएका थिए । यसैगरी मन्तव्यकै क्रममा यौनिक तथा अल्पसंख्यकको पहिचान स्थापित हुन नसक्नु, लैंगिक हिंसाका घटनाहरु बढ्दो रुपमा सार्वजनिक भइरहनु, राजनितिमा ३३ प्रतिशत महिला सहभागिता संविधानमा उल्लेख भएता पनि राजनितिक दलहरुले महिलालाई प्रमुख पदमा टिकट नदिनु, महिलाको नेतृत्वलाई स्वीकार गर्न नसक्नु जस्ता विद्यमान सवालहरु चुनौतीपूर्ण रहेकोमा जोड दिएका थिए ।

उद्घाटन सत्रको क्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका पूर्व मुख्य मन्त्री लिला गिरीले हामी सबैको सामुहिक प्रयासबाट राजनितिक आन्दोलनले सफलता प्राप्त गरेको अव राजनितिक आन्दोलनबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै, भएका नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि सबैको ऐक्यवद्धता आवश्यक रहेको जनाउनु भएको थियो । जनसंख्याको आधा भन्दा बढि भाग ओगटेका महिलाहरुमा थप र विषेश खालको शक्ति रहेको छ, जसको सम्मान गर्दै महिलालाई राज्यका हरेक तहमा विशेष व्यवस्था भएको छ । यद्यपि समाजमा विद्यमान लैंगिक विभेदका कारणले यस किसिमका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको अभाव रहेकोमा जोड दिँदै लैंगिक विभेदको अन्त्यका लागि काम गर्नुपर्ने बताउनु भएको थियो ।

उद्घाटन सत्रलाई समापन गर्दै महिला मानव अधिकार रक्षकहरुको सञ्जालका संस्थापक अध्यक्ष डा.रेणु अधिकारीले महिला आन्दोलनका मुख्य सवालहरुको रुपमा महिलाको शरीरमाथिको नियन्त्रणको सवाल, संक्रणकालिन न्यायको सवाल, रुपान्तरित नेतृत्को सवाल रहेकोमा जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा  प्रदेश नं ५ का १२ वटा जिल्लाका निर्वाचित महिला जनप्रतिनिधिहरु, प्रदेश तथा प्रतिनिधि सभाका सदस्यहरु, सरकारी तथा गैर सरकारी संस्था, विभिन्न समुह, संजाल, स्थानीयतहका प्रमुख, उप प्रमुख र संसदहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको दोस्रो सत्रको शुरुवातमा ओरेकका कार्यक्रम संयोजक प्रभा पौडेलबाट शरीर मेरो नियन्त्रण कसैको ???? भन्ने सवालमा लुम्बिनी प्रदेशमा भइरहेका लैंगिक हिंसाको तथ्यांक र समुदायमा काम गर्दाको अनुभव तथा तथ्यको आधारमा प्रस्तुतीकरण गरिएको थियो । हानीकारक परम्परागत मुल्य मान्यता र त्यसबाट सिर्जित अभ्यासका कारण महिला तथा बालिका माथी विभिन्न प्रकारका हिंसा हुने गरेको छ् । महिलाको शरिर, परिवार तथा पुरुषको निजि सम्पत्ति हो भन्ने सोच, महिलालाई वस्तुको रुपमा हेरिनु तथा महिलाको यौनिकतालाई परिवार र समाजको इज्जत सँग जोड्ने परम्पराको कारण महिलाको शरिर माथी नियन्त्रण भईरहेको अवस्था छ । महिला माथी हुने हिंसा उक्त नियन्त्रणको परिणाम हो । महिला तथा किशोरीको शरिर माथी भएको नियन्त्रणको कारण यौन हिंसा र बालविवाहका घटना बढेको हो। त्यसैले सुरक्षित, सम्मानित र समानता पुर्ण जिवनका लागि शारिरीक अखण्डता जरुरी हुन्छ । यसैगरी, सामाजिक लैङ्गिक विभेदमा आधारित भएर महिलाको शरिर माथी बालिका अवस्थाबाट नै नियन्त्रण गरिन्छ । महिलाले के गर्न हुने, के गर्न नहुने, के लगाउने, को साथि बनाउने, को सँग विवाह गर्ने वा नगर्ने, कस्तो विचार राख्ने भन्ने कुराहरु पनि समाजले नै निर्धारण गरिरहेको अवश्था छ।  यसको प्रत्यक्ष असर महिलाको यौन तथा प्रजजन् स्वास्थ्यमा पर्दछ। महिलाको विवाह, कहिले बच्चा जन्माउने, कति वटा वच्चा जन्माउने, कति जन्मान्तर राख्ने, यौन सम्पर्क राख्ने नराख्ने वा को सँग राख्ने जस्ता नितान्त महिलाको निर्यण हुने पक्षहरुमा समेत महिलाले स्व-निर्यण गर्ने अवस्था छैन ।

असमान शक्ति सम्बन्ध तथा लैङ्गिक विभेदका कारण महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको हनन् भएको हो । त्यसकारण, महिलाको यौन तथा प्रजनन् अधिकारको सुनिश्चीतताका लागि महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणमा परीवर्तन हुन जरुरी छ । जवसम्म महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता हुन सक्दैन तबसम्म महिलाले न्यायको अनुभुति गर्न सक्दैनन् । यौन तथा प्रजनन् अधिकार प्राप्त गर्न आफ्नो शरिर माथि आफ्नै नियन्त्रण स्थापित हुनपर्दछ । यसर्थ, महिलाको शरिर संबन्धीत मुद्दा ओझेलमा परि महिलाको अधिकार कानुनी तथा नितिगत रुपमा स्थापित हुन असम्भव छ। महिलाको गतिशिलता, यौनिकता र विचार माथीको नियन्त्रणलाई तोड्न र महिलाको शरिर माथी महिलाको अधिकार स्थापित गर्न महिलाको यौनीकतालाई नियन्त्रण गर्ने सोच र व्यवहारमा  रुपान्तरण हुनु जरुरी छ भन्ने सवालमा प्रस्तुतीकरणमा जोड दिएको थियो ।

प्रस्तुतीकरण पश्चात यसै सवालमा रहेर प्यानल छलफल गरिएको थियो । प्यानल छलफलमा वक्ताको रुपमा स्वप्रतिनिधिमूलक अनुभव, शरीरमाथि भएको नियन्त्रणले महिला तथा किशोरीमाथि भएको बहुआयमिक हिंसाको अवस्था, महिलाको यौनिकताको नियन्त्रण विरुद्ध सञ्चारकर्मीहरुको भूमिका तथा मलिा तथा किशोरीमाथि हुने हिंसा अन्त्यका लागि स्थानीय तहको उत्तरदायित्को विषयमा छलफल गरिएको थियो । जसका लागि प्यानलमा किशोरी सञ्जालका प्रतिनिधि सालिनी मिश्र, महिला मानव अधिकारर्की रुकैया खातुन्, मानवशास्त्री रामचन्द्र श्रेष्ठ, घोराही उपमहानगरपालिकाका उपप्रमुख हुमा डिसी रहेका रहेका थिए । बक्ताहरुसंगको छलफल पछी सहभागिहरुले वक्ताहरु समक्ष आफ्नो जिज्ञासाहरु समेत राखेर बक्ताहरुले जिज्ञासाहरुको संवोधन गरेका थिए। प्यानल छलफलको सहजीकरण महिला मानव अधिकारकर्मी मिनाक्षी न्यौपानेले गर्नुभएको थियो ।

प्यानल छलफलको क्रममा **किशोरी सञ्जाल र महिला मानव अधिकारकर्मी :** समाजिक मूल्य मान्यताहरुको शक्तिको प्रभावको कारण किशोरी अवस्था देखी नै इच्छा, चाहाना, आवश्यकताहरुलाई बाहिर ल्याउन नपाउने गरी दबाएर राखिएको हुन्छ। आफ्नै घर भित्र उठ्न , बस्न , खान, लाउन, हिड्न समेत आफनो निर्णय नचल्ने विभिन्न खालका सिमाहरु निर्धारण गरिएको हुन्छ । यसको अर्थ सामाजिक मूल्य मान्यताको बाहनामा किशोरी तथा महिलाहरुको शरीरमाथि नियन्त्रण भइरहेको हुन्छ भन्नेमा जोड दिनु भएको थियो । यस्तै परिवर्तन का लागि हरेक व्यत्ति आफु परिवर्तन हुदै परिवाका सदस्यहरुलाई परिवर्तन गर्न सके मात्र विभेदकारी समाजिक मूल्य मान्यताहरु हटाउन सकिन्छ। अन्यथा समाजिक मूल्य मान्यतामालाई थप मलजल भईरहन्छ। स्थानीय सरकारले पनि बिभिन्न कार्यक्रममा किशोरीहरुको अर्थपूर्ण सहभागिता गराउन जरुरी रहेको छ । सुचनाको पहुँच, निशुल्क शिक्षाको व्यवस्था हुन सकेको खण्डमा किशोरीहरुको पहुँचमा बृद्धि भई आफनो बारेमा बोल्ने वातावरण बन्दै जानेछ । आफ्नो शरीरमाथि आफ्नो नियन्त्रणको अवस्था हुनेछ भन्नेमा जोड दिनु भएको थियो ।

**उपप्रमुख :** नेपालमा बनेका नीति तथा कानून भन्दा माथी समाजिक नीति नियम रहेको छ। समाजमा महिलालाई दोस्रो दर्जाको रुपमा लिई, उनीहरुको शारिमाथीको निर्णय गर्ने अधिकार अरु व्यक्तिमा छ। संघर्ष गर्दै नेतृत्वतहमा पुगेका महिलाहरुलाई लाञ्छना लगाउने, काम गर्न नदिने, राजनीतिक नेतृत्वमा रहेका महिलाहरुलाई पितृसत्ताले अवरोध गर्दै आएता पनि महिलाहरु आफनो जिम्मेवारी र कर्तव्य निष्ठ भएर बाधा अवरोधहरुलाई हटाउदै कार्य गर्दै आएका छन् । सामाजिक मुल्य मान्यताले वर्षौंदेखी जकडिएको कारण महिलाहरुले आफनो शरीरको बारेमा खुलेर बोल्न सक्ने अवस्था भने नरहेकोमा जोड दिनु भएको थियो ।

**मानवशास्त्री :** यो समाजले जन्मदै विभेदित तबरबाट छोरा र छोरीको सामाजिकीकरण भईरहेको हुन्छ। जसले गर्दा पुरुष आफुलाई बहादुर, शक्तिसाली र मालिकको रुपमा लिएर सोही बमोजिम प्रस्तुत हुन्छ भने छोरीहरुको हुर्काइ सहनशील, कमजोर, अर्काको घर जाने, आफुमाथि भएको दुर्व्यवहार र विभेदलाई सहनुपर्ने जस्तो तवरले हुर्काइको हुन्छ र उनीहरुले आफुलाई सोही बमोजिम प्रस्तुत गर्दै जान्छन्। जसले असमानताको खाडल बढ्दै जान्छ हाम्रो सामाजिक सांस्कृतिक परम्परा र प्रचलनहरुले महिलालाई धर्ति भनिएको हुन्छ भने पुरुष विज रोप्न सक्ने , मालिकाको रुपमा लिएको हुन्छ । जसले गर्दा लैंगक असमानताको खाडल झन् बढ्दै गएको छ । तसर्थ लैंगिक समानता स्थापित गर्नका लागि लैंगिक भूमिकाहरु परिवर्तन गर्नुपर्ने, महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्ने, महिलाको शरीरमाथि भएको नियन्त्रणलाई हटाउनुपर्ने, लैंगक समानताका लागि बनेका कानुनहरुको प्रभावकारी कार्यान्व्यन हुनुपर्नेमा जोड दिनुपर्ने ।

**प्यानल छलफल पश्चात गरिएको खुला छलफलमा** लैंगक समानताका लागि महिला भित्रको विभिधतालाई ध्यानमा राखेर कार्यक्रम सञ्चालन गर्नुपर्ने, महिलाको श्रमको मुल्यांकन हुने वातावरण निर्माण गर्नुपर्ने, पीलकाका जनप्रतिनिधिहरुले महिला मैत्री योजनाहरु निर्माण तथा सो को प्रभावकारी कार्यान्व्यन गर्नुपर्ने, महिलाको आफ्नो

शरीरमाथि आफ्नो नियन्त्रण स्थापनाका लागि योजनाहरु ल्याउनुपर्ने तथा समुदायतहदेखि अभियानहरु सञ्चालन गर्नुपर्नेमा जोड दिनु भएको थियो र प्यानल छलफलको समापन गरिएको थियो ।

यसैगरी कार्यक्रमको दोस्रो सत्रमा नवनिर्वाचित महिला जनप्रतिनिधिहरुलाई काम गर्दाको क्रममा भोग्नुपरेको समस्या, महिलाको शरिर माथी महिलाको नियन्त्रण स्थापित गर्नको लागि जनप्रतिनिधीहरुको भूमिका, किशोर किशोरीहरुको भुमिका, नागरिक समाज तथा संचारकर्मीहरुको, प्रदेशको भुमिका के हुन सक्छ भन्ने विषयमा आ आफ्नो तर्फबाट लेखेर व्यक्तिगत रुपमा नै प्रस्तुतीकरण गर्न लगाइएको थियो । प्रस्तुतीकरणको क्रममा महिला महिला जनप्रतिनिधिहरुले महिला भएकै कारण पालिकामा आफ्नो नेतृत्व स्वीकार गर्ने वातावरण नभएको, आफुले महिला मैत्री योजना निर्माणका लागि पहल गर्दा पनि त्यसलाई नस्वीकार्ने, आफ्नो कुरा नसुन्ने वातावरणले काम गर्न समस्या भएको बताउनु भएको थियो । यसका लागि जनप्रतिनिधि, महिला, युवा तथा किशोरी समूहहरु, सञ्चारकर्मीहरुले आ आफ्नो तर्फबाट समुदायतह देखि सचेतना फैल्याउने तथा सामाजिक रुपान्तरणका अभियानहरु सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए । यसको साथ साथै कार्यक्रमको समापन गरिएको थियो ।

### ४.१.२ दोस्रो दिन (बैशाख २५, २०८०)

दोस्रो दिनको कार्यक्रमको सुरुवात स्व-हेरचाहबाट गरिएको थियो । जसमा समाज रुपान्तरणमा संघर्षरत मानव अधिकार रक्षकहरुले बिभिन्न मानसिक तथा भावनात्मक चुनौतीहरु भोग्नुपर्ने भएकाले यसले मनो-सामाजिक स्वास्थ्यमा प्रभाव पार्ने हुँदा आफ्नो स्व-हेरचाहमा ध्यान दिनुपर्ने उद्देश्यका साथ स्व-हेरचाहको सेसन संचालन गरिएको थियो ।

त्यसपछी दोस्रो दिनको कार्यक्रमको संचालन महिला मानव अधिकार रक्षक संजालका सचिव अस्मिना पाण्डेले गर्नुभएको थियो। जसमा कार्यक्रम संचालन हुनु भन्दा पुर्व महिलाका ओरेकका कार्यक्रम संयोजक, प्रभा पौड्यालले पहिलो दिन छलफल गरिएका वियषबस्तु र गतिबिधीहरुको पुनरावलोकन गर्नुभएको थियो ।

### ४.१.३ पहिलो सेसनः संक्रमणकालिन न्याय र चुनौती

दोस्रो दिनको सुरुवातमा संक्रमणकालिन न्याय र चुनौती बिषयमा प्यानल छलफल रहेको थियो। यस छलफलमा पैरवी मंचका लुम्बिनी प्रदेश संयोजक ईन्दिरा अर्यालले संक्रमणकालीन न्यायको अवस्था र चुनौतीहरुको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो। वहाँले द्वन्दको मुख्य कारण समाजमा रहेको संरचनात्मक विभेद, लैङ्गिक तथा जातिय विभेद रहेको वताउनुभएको थियो। साथै, वहाँले द्वन्दका घटना प्रभावितहरुलाई न्याय दिलाउनको लागि विभिन्न आयोगहरुको गठन गरी ६० दिन देखी ६ महिना भित्रमा टुग्याउने भनी सरकारले आयोगको गठन गरेत पनि काम गर्न सक्नु ,संक्रमणकालिन घटनाहरुको प्रभावको कारण बाल बालिकाहरुमा हिंसात्मक र नकारात्मक सोचको विकाश भई कुलतमा संलग्न हुने जस्ता समस्याहरु देखा पर्ने गरेको, महिलाहरु माथी भएका यौन हिंसाका घटनाहरुको उजुरी नभएको ,अहिले सम्म पनि महिला तथा किशोरीहरुले त्यो समयमा भएका घटनाका कारण परिवार र समाजबाट विभिन्न खालका हिंसाको सामना गर्नुपरिहेको, महिलाले आफनो शरिरलाई बन्धक बनाएर काम गरिरहेको पक्षमा जोड दिनुभएको थियो।

प्रस्तितुकरण पश्चात् प्यालन छलफल भएको थियो। जसको सहजिकरण महिला मानव अधिकार रक्षक संजालको संस्थापक अध्यक्ष रेणु अधिकारीले गर्नुभएको थियो। यस प्यानलमा वक्ताको रुपमा पुर्व सांसद सोनिया यादव, रोल्पा नगरपालिका, उप प्रमुख-गिता आचार्य, ईन्द्र शर्मा, महिला मानव अधिकार रक्षक संजाल केन्द्रिय सदस्य र लक्ष्मी श्रेष्ठ, ऐरावत वाल संजाल, प्युठान रहनुभएको थियो । यस प्यानलमा वक्ताहरुले सशस्त्र द्वन्दको समयमा भएका हिंसाका घटनाहरु जसमा पनि विशेष गरि महिला माथी भएका यौन हिंसा प्रभावितहरुले हालसम्म पनि न्याय

पाउन नसकेको कुरामा जोड दिएका थिए । साथै, वक्ताहरुले द्वन्द प्रभावित महिला नै नीति तथा कानून बनाउने स्थानमा भएता पनि महिलाको नेतृत्वलाई स्विकार नगरिने प्रवृत्तीको कारण महिलालाई काम गर्न असहज परिस्थिति रहेको बताउनु भएको थियो। यसैगरी, किशोरीहरुको प्रतिनिधित्व गर्नुभएको लक्ष्मी श्रेष्ठले द्वन्दको समयमा किशोरीहरु अझ थप जोखिममा रहेको बताउँदै, किशोरीहरुलाई जहिले पनि कमजोर समुहको रुपमा लिइने बताउनुभयो। यसैगरी वहाँले महिला तथा किशोरीहरुले द्वन्दको समयमा र शान्ति प्रकृयामा महत्वपुर्ण भुमिका खेलेको भएता पनि त्यसको कदर नभएकोमा जोड दिनुभयो।

### ४.१.४ दोस्रो सेसनः रुपान्तरित नेतृत्व र सवालहरु

महिला मंचको दोस्रो दिनको दोस्रो सेसनमा रुपान्तरित नेतृत्व र सवालहरु भन्ने सेसन रहेको थियो। यस सेसनको मुख्य उद्देश्य नेतृत्व र रूपान्तरणलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्दै हालसम्मको अनुभव र सिकाईका आधारमा रुपन्तरित नेतृत्वको सम्बन्धमा साझा धारणा विकास गर्नु र रुपान्तरित नेतृत्वको सवाल तथा चुनौतीहरुको सम्बन्धमा छलफल गर्दै सामाजिक-सांस्कृतिक रूपमा नै रूपान्तरित नेतृत्व स्थापित गर्नका लागि वातावरण निर्माण गर्ने रहेको थियो। यस सत्रको सुरुवातमा संचारिका समुह लुम्बिनी प्रदेश प्रमुख अमृता अनमोलले लुम्बिनी प्रदेशमा रुपान्तरित नेतृत्वका सवालहरुको र महिला नेतृत्वको अवश्थाको बारेमा प्रस्तितिकरण गर्नुभएको थियो। वहाँको प्रस्तुतिकरण पछी प्यानल छलफल गरिएको थियो। यस छलफलको अध्यक्षता माननिय डा.बिन्दा पाण्डेले गर्नुभएको थियो भने सहजिकरण रेडियो मुक्तिका स्टेसन म्यानेजर कल्पना तिवारीले गर्नुभएको थियो। यस प्यानलमा पनि अन्तरपुस्ताको विविधतापुर्ण सहभागीता रहेको थियो। जसमा अर्घाखाँची जिल्लाकी प्रदेश स्तरिय किशोरी संजालको सदस्य सारदा भुषाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक अभियान्ता आनिक राना, सुनवल नगरपालिकाको नगर प्रमुख विमला अर्याल र मानव अधिकारकर्मी सुमित्रा सर्मा वक्ताको रुपमा रहनुभएको थियो ।

यस छलफलमा वक्ताहरुले संरचनागत विभेद अन्त्य नहुँदा महिलाको अस्तित्वलाई स्विकार नगर्ने, महिला नेतृत्व भएको स्थानमा नमुना योग्य काम भएता पनि महिलाले गरेको कामलाई सहजै स्विकार गर्न नसक्ने अवस्था भएको बताएका थिए । साथै, वहाँहरुले सम्पुर्ण चुनौतीहरुको बाबजुद पनि महिला जनप्रतिनिधिहरुले लैंगिक मैत्री बजेट विनियोजन गर्नको लागि धेरै समस्याहरु सामना गर्दै बजेट विनियोजन गरी महिलालाई शिक्षा, स्वास्थ्य , उत्पादनसग जोडने सिप मुलक तालिम , सचेतना मुलक कार्यक्रम , यौन अल्पसंख्यहरुको अवाजलाई सुन्ने वातावरण निर्माणको लागि पहल गर्दै आएको बताउनुभयो ।

यसैगरी किशोरी संजालका प्रनितिधी सारदा भुषालले किशोरीहरुलाई गरायसी काममा नै सिमित गराइएको र समुदायमा किशोरीको नेतृत्वलाई स्विकार नगरिएको बताउनुभएको थिय । किशोरी संजालको नेतृत्वमा भएका कार्यक्रमहरुमा सरोकारवाला र स्थानिय सरकारका प्रतिनिधीहरुले मान्यता नदिने बताउनुभएको थियो । स्थानीय पालिकाहरुले किशोरीहरुलाई सहभागीको रुपमा मात्र उपस्थित गराउने तर नेतृत्वकर्ताको रुपमा स्विकार नगर्ने पक्षमा वहाँले जोड दिनुभएको थियो । यसै गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई पनि सहभागी गराउँदा अर्थपुर्ण सहभागिता नहुने र हरेक फोरमहरुमा यौनिक अल्पसङ्ख्यक समुदायको सवालहरुले स्थान नलिने बिषयमा छलफल भएको थियो । यस सत्रको समापन गर्दै माननिय डा विन्दा पाण्डेले रुपान्तरित नेतृत्वको बिषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । जसमा वहाँले रुपान्तरणका लागि रुपान्तरित नेतृत्व आवश्यक हुने र जसको मापनको आधार नेतृत्वको दृष्टिकोण, अभिव्यक्ति र व्यवहार रहेको बताउनुभएको थियो । साथै दिगो विकासका लागि महिला नेतृत्व आवश्यक रहेकाले निर्णायक भुमिकामा महिलाको अर्थपुर्ण सहभागिता आवश्यक रहने भएकाले संख्यात्मक तथा गुणात्मक दुवै रुपमा महिलाको नेतृत्व महत्वपुर्ण भएको प्रकाश पार्नुभयो। जसका लागि मिसन २००० + अभियानको मार्फत बाट महिलाहरुको राजनितिमा महिला सहभागिता सुनिश्चित गर्ने वातावरण तयार

हुदैं गरेको जानकारी दिनुभएको थियो । यस कार्यक्रमले राजनीतिमा संलग्न महिलाको तथ्याङ्क अभिलेखिकरण गर्ने, लैङ्गिक अवस्था, समस्या र समाधानका उपायको सुची तयार हुने, महिलावादी सोचको विकास र रुपान्तरणको अभियानले थप गति प्राप्त गर्ने, महिला नेतवर्क मार्फत सुचना आदान प्रदान र सहकार्यको संस्कार विकास गर्ने अपेक्षा गरिएको जानकारी वहाँले दिनुभएको थियो ।

प्यानल छलफल पश्चात कार्यक्रममा उठान भएका सवालहरुलाई पैरवीको मुद्दाहरु बनाउन र सरोकारवालाहरुलाई उक्त सवाल संबोधनका लागि जवाफदेही बनाउनका लागि कार्यक्रमको अन्त्यमा लुम्बिनी घोषणापत्र जारी गरिएको थियो । यस घोषणापत्र निर्माण गर्नका लागि सहभागीहरु मध्येबाट नै घोषणापत्र तयार समिती निर्माण गरिएको थियो भने उक्त समितीले २ दिनको छलफलको क्रममा उठेका सवालहरुलाई समेटी घोषणापत्र तयार गरेको थियो। जसलाई सम्पुर्ण सहभागीहरुले हस्ताक्षर गरी कार्यक्रमको अन्यमा १४ बुँदे लुम्बिनी घोषणा पत्र जारी गरेका थिए । जसमा ओरेकका कार्यक्रम संयोजक सुलोचना खनालले घोषणा पत्र बाचन गरी कार्यक्रमका अतिथीहरु मार्फत जारी गरिएको थियो ।  सबैले उक्त घोषणा पत्रमा उल्लेख भएका सवालहरुलाई संवोधन गर्नका लागि कार्ययोजना बनाउने प्रतिवद्धता समेत व्यक्त गरेका थिए ।

समापन सत्रको सहजिकरण पनि महिला मानव अधिकार रक्षक संजाल रुपन्देही को सचिव अस्मिना पाण्डेले गर्नुभएको थियो। महिला मानव अधिकार रक्षक संजालको संथापक अध्यक्ष डा. रेणु अधिकारीले यस कार्यक्रमको समापन गर्नुभएको थियो ।

**५.उपलब्धीहरु**

- महिलाको राजनीतिक नेतृत्वमा स्थापित हुनुका पछाडी दशकौं लामो महिला आन्दोलनको भूमिका रहेको छ र मानव अधिकार तथा सामाजिक न्यायको लडाइँमा हामी एक्लो छैनौं भन्ने भावना महिला मञ्चले स्थापित गरेको छ ।
- महिला मञ्चले महिला अधिकारको आन्दोलन तथा महिला अधिकारको सवालको बारेमा छलफल गर्ने सुरक्षित स्थलको सिर्जना गरेको ।
- महिलामञ्चले जिल्ला जिल्लाका संजालमा रहेर काम गरिहेका महिलामानव अधिकार रक्षकहरु र कार्यक्रममा सहभागि महिला जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिमा सहजीकरण गरेको ।
- महिला मानव अधिकार र क्षकहरुको पहिचान स्थापित गर्न र आवश्यक परेको खण्डमा स्थानिय तहसँग समन्व्य तथा सहकार्य गर्नको लागि महिला मञ्चले कार्यदिशा प्रदान गरेको ।
- अन्तरपुस्ता विच सिकाइ तथा अनुभव हस्तान्तरण भई अन्तरपुस्ता विचको नेतृत्व विकासका लागि सहजीकरण गरेको ।
- जनप्रतिनिधिहरु लगायतका सहभागिहले महिला अधिकारका मुद्धा तथा सवालहरुलाई पहिचान तथा विश्लेषण गरी सो को लागि योजना निर्माण गर्न सीप तथा क्षमता अभिबृद्धिमा सहजीकरण गरेको ।
- लुम्बिनी प्रदेशस्तरीय घोषणा पत्र जारी आचार संहिता निर्माण गरेकाले स्थानीय तह देखि कार्यान्वयन हुने संभावना देखिएको छ ।
- स्थानीय तह, प्रदेश सरकार र अधिकारकर्मी बिच समन्वय र सहकार्यको वातावरण निर्माणका साथै आगामी दिनमा गरिने कार्यक्रममा साझेदारी रुपमा गर्ने आश्वासन समेत मिलेको छ ।

**६. सिकाईहरुः**

- कार्यक्रमको आयोजना र सहयोगदाताहरुको पहिचान र समन्वय गर्न सकेमा साथै हाम्रा मुद्धाहरुलाई समुदायत तहमा अपनत्व महशुस गराउन सकेमा बजेट संकलन तथा कार्यक्रम सम्पन्न गर्न सहज हुने ।

- कार्यक्रम स्थल र सहभागिहरुको बस्ने ठाउँ एउटै ठाउंमा भएमा प्रभावकारी हुने ।
- आयोजक, सहआयोजक बिच पूर्व कार्य विभाजन हुनु स्पष्ट रुपमा हुनुपर्ने र कार्यविभाजन गरिसकेपछि सबैले अपनत्व लिँदा एउटैलाई मात्र भार नहुने ।
- सहभागिहरुलाई आमन्त्रण, सहभागिता, खाना, खाजा, बासस्थान, दर्ता, स्टेशनरी,ब्याग वितरण लगायतका साना साना विषयमा पनि पूर्व कार्यविभाजन हुनु पर्ने
- कार्यक्रमका अतिथि, कार्यपत्र प्रस्तोताहरुको छनोट, समयमा नै निमन्त्रणा दिएर समय लिने र कार्यक्रमको विषयबस्तुको बारेमा जानकरी गराउने र पुन स्मरण गराईरहनुपर्ने ।
- सञ्चार माध्यमहरुलाई मिडिया पार्टनरको रुपमा लिई कार्यक्रम गर्दा कार्यक्रमको भिजिविलिटी बढ्न गई कार्यक्रमले उठान गरेका सवाल तथा मुद्धाहरुलाई सबै सरोकारवाला माझ पुर्‍याउन सहज हुने ।

## कार्यक्रमसंग सम्बन्धित फोटोहरु







